# बाँसगढी नगरपालिकाको नवौं नगर सभामा मिति २०७८ असार १० गते नगर उप प्रमुख श्री शुष्मा चौधरीले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तव्य

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, बर्दिया
*Www.bansgadhimun.gov.np*

नवौं नगरसभाका आदरणीय सभाध्यक्षज्यू,

संघीय संसदका सदस्यज्यूहरु,

संविधानसभाका माननीय सभासद्ज्यूहरु,

प्रदेश सभाका सदस्यज्यूहरु,

सभाका सम्पूर्ण सदस्यज्यूहरु,

आमन्त्रित अतिथिज्यूहरु,

उपस्थित सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मी पत्रकारज्यूहरु,

१. बाँसगढी नगरपालिकाको यस नवौं नगरसभामा आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गर्न पाउँदा खुशीको अनुभूति भएता पनि देशभर कोभिड १९ का कारण मृत्युवरण गरेका व्यक्तिहरुप्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु । संक्रमित बुवा आमा दाजु भाई दिदी बहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्न चाहन्छु । यस कठिन घडीमा आफ्नो स्वास्थ्यलाई जोखिममा राखी अग्रपंतिमा खटिनुहुने स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, सफाईकर्मीहरु र कर्मचारीहरुलाई अन्तर्मनदेखि सम्मान गर्न चाहन्छु । बजेट घोषणाको यो अद्वितिय पलमा देशको यो आमूल राजनीतिक तथा सामाजिक परिवर्तनका संवाहक अमर सहिदहरुप्रति उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

२. दिर्घकालीन योजनालाई तत्कालीन प्राथमिकताहरुसँग समान्जस्यता र समायोजन गर्दै उपलब्धि हासिलमा लय समातेको अवस्थामा विश्वभर आक्रान्त पारेको कोरोना माहामारीले हाम्रो प्राथमिकता परिवर्तन सँगै विकासको गतिलाई नै सुस्त बनाएको अवस्था छ । कोरोनाको दोस्रो लहर सँगै निषेधाज्ञाको चपेटामा परेका हाम्रा आयोजना तथा कार्यक्रमहरुलाई सुरक्षाका अधिकतम् उपायहरुको परिपालना गर्दै संचालन गर्नका लागि हामी जनप्रतिनिधिहरु र कर्मचारीहरु निषेधाज्ञामा समेत घरमा बसेनौ र हाम्रा आयोजनाहरुलाई सफल पार्न निरन्तर लागि परिराखेको अवस्था छ ।

३. **"सुन्दर, हरियाली र सफा सहर, समृद्ध र समुन्नत बाँसगढी नगर "**भन्ने मुल नारा रहेको यस बाँसगढी नगरपालिकाले उपलब्ध स्रोतको अधिकतम् र दीगो परिचालनबाट सम्पूर्ण क्षेत्रको समानुपातिक र समन्यायिक दीगो विकासका माध्यमबाट युवा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, तेस्रो लिङ्गी, दलित, आदिवासी, थारु, मधेशी, मुस्लिमलगायत सम्पूर्णमा **"मेरो सरकार स्थानीय सरकार"** भन्ने भावना जागृत गराउने प्रयास स्वरुप आगामी आ.व. को बजेट निर्माण गरेको छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौ आवधिक योजना, नेपालले राष्ट्रिय अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण, नगरको अर्थिक विधेयक २०७८, विनियोजन विधेयक २०७८, नीति तथा कार्यक्रम, संघीय तथा प्रदेशबाट जारी भएका नीति तथा कार्यक्रमहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, सामाजिक न्याय, सामाजिक संरक्षण र बचाउ, सशक्तीकरण तथा समावेशी विकास लगायतका अन्तरसम्बन्धित विषयहरु, विषयगत समितिहरुको सुझाव, विषय विज्ञहरुका सुझाव, राजनीतिक दलहरु र संघसंस्थाका रायसुझावहरु, नगरबासी दाजुभाई दिदीबहिनीहरुको रचनात्मक सर-सल्लाह सुझावहरुलाई मुख्य आधारका रुपमा लिएको छु ।

५. अब म यस नगरको चालु आर्थिक वर्षको आर्थिक स्थितिको समीक्षा तथा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

| मिति २०७८ असार ९ गतेसम्मको बाँसगढी नगरपालिकाको आम्दानी | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकण अनुदान | १५ करोड ५१ लाख रुपैयाँमात्र । |
| संघीय सरकार सशर्त अनुदान | ३० करोड ६१ हजार ३ सय ६६ रुपैयाँमात्र । |
| संघीय सरकार विशेष अनुदान | ८० लाख रुपैयाँमात्र । |
| संघीय सरकार राजश्व बाँडफाँड (अन्तशुल्क, मु.अ.कर) | ९ करोड ५९ लाख ५२ हजार ७ सय पैतालिस रुपैयाँ ३६ पैसा मात्र । |

| | |
|---|---|
| संघीय सरकार राजश्व बाँडफाँड (वन रोयल्टी) | १४ लाख २३ हजार ८ सय ५० रुपैयाँ ८५ पैसा मात्र |
| अघिल्लो वर्षको अ.ल्या. | ८ करोड ६७ लाख ५७ हजार ८ सय ५० रुपैयाँमात्र |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ५८ लाख ५४ हजार रुपैयाँमात्र |
| प्रदेश सरकार सशर्त अनुदान | १ करोड ७८ लाख पचास हजार रुपैयाँमात्र । |
| प्रदेश सरकार विशेष अनुदान | ७० लाख रुपैयाँमात्र । |
| प्रदेश सरकार समपुरक अनुदान | १ करोड ५० लाख रुपैयाँमात्र । |
| प्रदेश सरकार राजश्व बाँडफाँड (सवारी साधन कर) | ४९ लाख पचास हजार ३ सय ९७ रुपैयाँ ३२ पैसा । |
| प्रदेश सरकार राजश्व बाँडफाँड (मालपोत कार्यालय बर्दिया – घरजग्गा रजिष्ट्रेशन दस्तुर) | १ करोड ५५ लाख ६३ हजार २ सय २२ रुपैयाँमात्र । |
| आन्तरिक श्रोतबाट | १ करोड ७५ लाख २ हजार ८ सय ५८ रुपैयाँ २१ पैसा । |
| आन्तरिक श्रोत (ढुङ्गा गिट्टी बालुवा) विक्री अघिल्लो आ.व.को बाँडफाँड भै प्राप्त आम्दानी | १ करोड १० लाख ९५ हजार २ सय ९९ रुपैयाँ ६२ पैसा मात्र । |
| आन्तरिक श्रोत (विज्ञापन कर) अघिल्लो आ.व.को बाँडफाँड भै प्राप्त आम्दानी | १ लाख ३६ हजार ८० रुपैयाँ मात्र । |
| जम्मा : **७४ करोड २२ लाख ४७ हजार ६ सय ७० रुपैयाँ मात्र ।** | |

त्यसैगरी, २०७८ असार ९ गते सम्म चालूतर्फ २५ करोड ६५ लाख ८८ हजार ९२ रुपैयाँ ८२ पैसा मात्र र पूँजीगततर्फ २० करोड ४२ लाख ७९ हजार ८ सय ३६ रुपैयाँ गरि जम्मा **४६ करोड ८ लाख ६७ हजार ९ सय २८ रुपैयाँ ८२ पैसा मात्र** खर्च भएको छ ।

६. आगामी आर्थिक वर्ष २०७८/७९ यस बाँसगढी नगरपालिकाको देहाय बमोजिमको आम्दानी र खर्च हुने प्रारम्भिक प्रक्षेपण रहेको छ :-

| आर्थिक वर्ष २०७८/७९ मा बाँसगढी नगरपालिकाको आम्दानी प्रक्षेपण | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकण अनुदान | १६ करोड ३२ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार सशर्त अनुदान | २७ करोड ५९ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार विशेष अनुदान | १ करोड ६६ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार समपुरक अनुदान | १ करोड ३९ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार राजश्व बाँडफाँड | ११ करोड ३५ लाख २९ हजार रुपैयाँ मात्र । |
| संघीय सरकार राजश्व बाँडफाँड (वन रोयल्टी) | १२ लाख रुपैयाँमात्र । |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ७७ लाख ७० हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकार सशर्त अनुदान | १ करोड १५ लाख ४४ हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकार विशेष अनुदान | ७० लाख रुपैयाँमात्र । |
| प्रदेश सरकार समपुरक अनुदान | २ करोड रुपैयाँमात्र । |
| प्रदेश सरकार राजश्व बाँडफाँड | २ करोड ५४ लाख ८४ हजार ६ सय ८८ रुपैया ७५ पैसा मात्र । |
| घरजग्गा रजिष्ट्रेशन मालपोत कार्यालय | २ करोड रुपैयाँमात्र । |
| नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) विक्री आन्तरिक स्रोत | ५० लाख रुपैयाँमात्र । |
| आन्तरिक स्रोत | ३ करोड ७० लाख रुपैयाँ मात्र । |
| अ.ल्या. | ३ करोड ५० लाख रुपैयाँ मात्र । |
| जम्मा : **७५ करोड ३१ लाख २७ हजार ६ सय ८८ रुपैयाँ ७५ पैसा मात्र ।** | |

त्यसैगरी, आगामी आ.व. २०७८/७९ मा चालु खर्च तर्फ ४४ करोड २६ लाख १४ हजार रुपैयाँ र पूँजीगत तर्फ ३१ करोड ५ लाख १३ हजार ६ सय ८८ रुपैयाँ ७५ पैसा खर्च हुने अनुमान गरिएको छ ।

**आदरणीय अध्यक्षज्यू,**

**७. अब म आ. व. २०७७/७८ को बजेट तर्जुमाका विधिहरु प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विधिहरुलाई आधार मानिएको छ :-

क) राजस्व प्रक्षेपण, राजस्व परामर्श समितिबाट राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस ।

ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण एवम् आन्तरिक र अन्य स्रोतको अनुमान गरी विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन ।

ग) बजेट तथा कार्यक्रम तर्जुमा गरी नीति तथा कार्यक्रम तथा वडागत र विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूची ।

घ) नगर सभा बाट स्वीकृत नीति तथा कार्यक्रम र कार्यपालिकाबाट पारित गरि पेश भएको आय-व्यय विवरण ।

**८. आ.व. २०७८/७९ को बजेटका उद्देश्यहरु**

१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्दै सम्पूर्ण नगरबासीलाई स्वस्थ जिवनयापनको वातावरण सिर्जना गर्ने ।

२. आधुनिक कृषि विकासको माध्यमबाट रोजगारीको सिर्जना र स्वरोजगार सँगै स्थानीय कच्चापदार्थमा आधारित उद्यमशीलताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

३. भौतिक पूर्वाधारको विकासमा समानुपातिक र समन्यायिक विकासको अवधारणा अवलम्बन गर्दै दीगो पूर्वाधार विकासमा जोड दिने ।

५. सबै खाले विभेदमुक्त नगरको विकास गर्दै समावेशी समानुपातिक प्रतिनिधित्वमा उदाहरणीय नगरपालिकाका रुपमा विकास गर्ने ।

**९. अब म आ. व. २०७८/०७९ को बजेटका योजना तथा कार्यक्रमको प्राथमिकिकरणहरु** प्रस्तुत गर्न चाहन्छु :-

क) आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सम्पूर्ण नगरबासीको पहुँच,

ख) कृषि र पशुपालनमा आधुनिकिकरण, गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधार निर्माण सहित आर्थिक विकास र गरिवी निवारण,

ग) उद्यमशीलताको विकास, रोजगारीमा वृद्धि, स्वरोजगारउन्मुख समाजको विकास,

घ) जनसहभागितामा अभिवृद्धिसँगै दीगो भौतिक पूर्वाधार निर्माण,

ङ) वातावरण संरक्षण र वनको वैज्ञानिक व्यवस्थापन साथै स्रोत साधनको दीगो प्रयोग,

च) प्रविधिमैत्री सार्वजनिक प्रशासन र सुशासन,

छ) विपद व्यवस्थापनका लागि पूर्व तयारी,

ज) समानता, समावेशीकरण र सबै प्रकारका विभेदको अन्त्य,

झ) धार्मिक रुपमा सहिष्णु, स्वतन्त्र र एकताबद्ध समाजको निर्माण ।

**आदरणीय सभाध्यक्षज्यू ,**

अब म शीर्षकगत् रुपमा बनाइएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार तथा स्वास्थ्य सेवाको विस्तार :-

१०. कोभिड १९ माहमारी रोग विरुद्ध लड्न प्रदेश सरकार र नेपाल सरकारको सहयोग, समन्वय र सहकार्यमा बाँसगढी नगरपालिकाका सबै नागरिकको लागि कोरोना भाइरस विरुद्धको खोप उपलब्ध गराईनेछ । कोभिड १९ रोकथामका लागि अग्रपङ्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सफाईकर्मी लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरुलाई अतिरिक्त सुविधाको व्यवस्था गरेको छु । कोभिड १९ लगायत अन्य माहमारीको रोकथाम, उपचार र नियन्त्रणका लागि ८ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

११. **"गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, स्थानीय सरकारको प्रतिबद्धता"** भन्ने मुल नाराका साथ मौलिक हकका रुपमा रहेको आधारभूत स्वास्थ्यमा निःशुल्क पहुँच कार्यान्वयनका लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई जिम्मेवार बनाईनेछ । बाँसगढी नगरपालिकाबाट निःशुल्क वितरण हुँदै आएका ३५ प्रकारका औषधि सबै स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध हुने व्यवस्था मिलाईनेछ । औषधिको मूल्य, गुणस्तर र परिमाणको बारेमा निरन्तर अनुगमन गरिनेछ । औषधि खरिदका लागि २७ लाख रुपैयाँ छुट्टाएको छु ।

१२. ज्येष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य बीमा र सुगर, प्रेशर र दम रोगका औषधि निशुल्क रुपमा वितरण गर्ने तथा नगर देखि ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम संचालन गर्न **"मेयर सँग ज्येष्ठ नागरिक कार्यक्रम"** अन्तर्गत १३ लाख ६० हजार रुपैयाँ विनियोजन गरेको छु ।

१३. प्रत्येक वडामा **पूर्ण सरसफाई उन्मुख नमूना समुदाय** घोषणा गरी क्रमशः सम्पूर्ण वडाहरुलाई पूर्ण सरसफाई उन्मूख वडा घोषणा गर्दै बाँसगढी नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख नगरका रुपमा विकास गर्न **"मेयरसँग सरसफाई कार्यक्रम"** संचालन गरिनेछ । जसका लागि पूर्ण सरसफाई उन्मुख कार्यक्रम र खानेपानी जाँच रसायन तथा सामाग्री खरिदमा १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

१४. सर्पको टोकाईको उपचारका लागि सर्पदंश सेवा संचालनलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । महिलामा देखिने प्रजनन स्वास्थ्य समस्याहरु, आङ्ग खस्ने, पाठेघरको मुखको क्यान्सर लगायतको रोगको उपचारका लागि स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१५. एस. ओ. एस. सेन्टरलाई नगरपालिका मातहत ल्याई विशेषज्ञ चिकित्सक सहितको उपचारको व्यवस्था मिलाउन र नगरपालिकाकै रेफरल सेन्टरका रुपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१६. सुत्केरी आमालाई नर्सिङ स्टाफहरुले घरमै स्वास्थ्य सेवा प्रदान गर्ने र सुत्केरी आमालाई पोषण सामाग्री उपलब्ध गराई विपन्न वर्गका नगरबासीलाई सुत्केरी अवस्थामा राहत प्रदान गर्न **"उपमेयरसँग सुत्केरी आमा कार्यक्रम"** संचालन गरिनेछ । यसका लागि ७ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

१७. किशोरीहरुलाई प्रजनन स्वास्थ्य, मानसिक रोग तथा आत्महत्या सम्बन्धी सचेतना कार्यक्रम र अभिमुखिकरण संचालनका लागि बजेट विनियोजन गरेको छु ।

१८. **"रोग निवारणका लागि आयुर्वेद र योग"** भन्ने नारा सहित आयुर्वेद तथा योग पद्धतिलाई अनुशरण गर्ने परम्पराको विकास गर्न आयुर्वेद स्वास्थ्य तर्फ बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा स्वास्थ्य शाखालाई आयुर्वेद तथा योग विषय समेत हेर्ने शाखाको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१९. समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको उत्प्रेणा वृद्धि तथा प्रोत्साहनका लागि अतिरिक्त सुविधाको व्यवस्था गरेको छु । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२०. सम्पूर्ण नगरबासीको स्वस्थ जीवनयापन बनाउन आधारभूत स्वास्थ्य सेवाका क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालनका लागि समग्रमा १ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

## कृषि तथा सहकारी विकास:-

२१. **"कृषि उपजलाई मान, कृषकलाई सम्मान"** भन्ने नारासहित नगर कै उत्कृष्ठ कृषक छनौट गरी राष्ट्रिय धान दिवसका दिन विशेष कार्यक्रम गरी सम्मान गर्ने कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।

२२. यान्त्रिकरणको माध्यमबाट परम्परागत कृषिलाई आधुनिक कृषिमा रुपान्तरण गर्दै न्यून लगानीमा उच्च प्रतिफल प्राप्त गर्न विपन्न वर्गको लागि कृषि यन्त्र तथा औजारमा ७५% अनुदानमा वितरण गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. नगरपालिकामा कृषिको विशेष क्षेत्रको रुपमा छुट्टै पहिचान दिलाउने गरी **नगर प्रमुख SAP(Special Agriculture Pocket) विशेष कृषि पकेट कार्यक्रम** संचालनका लागि २ लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।

२४. फलफुल दशक (२०७३/७४-२०८२/८३) लाई सफल पार्न आगामी आर्थिक वर्षमा **"वर्षे फलफुल खेती सम्बन्धी बेर्ना वितरण"** कार्यक्रम संचालनका लागि २ लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु । फलफुलका विरुवालाई ९० % अनुदानमा विपन्न वर्गलाई उपलब्ध गराउने गरी उक्त कार्यक्रम संचालन गरिनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,**

२५. वास्तविक कृषकको तथ्याङ्क संकलन र कृषक समूह व्यवस्थापन गरी अभिमुखिकरण गर्ने कार्यक्रमका लागि बजेट छुट्याएको छु । **मागमा आधारित कृषि तालिम र युवा स्वरोजगारका लागि कृषि तालिम**को संचालनमा बजेट विनियोजन गरेको छु ।

२६. **"बाली बीमा, गरौ फ्रीमा"** भन्ने अभियानसहित **विभिन्न बालीको बीमामा सत प्रतिशत अनुदान कार्यक्रम** संचालनका लागि २ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

२७. गहुको बीउँ, कन्ये चाउको बीउँ, घासको बीउँ, च्याउ खेती विस्तार, व्यवसायिक प्याज खेती सम्बन्धी प्रविधि विस्तार, विज वृद्धि, बसन्ते मकै बीउँ लगायतका कार्यक्रमलाई लागत साझेदारीमा अनुदान सहित संचालनका लागि बजेट विनियोजन गरेको छु ।

२८. माटोमा खाद्यतत्व व्यवस्थापन सम्बन्धी प्रविधि विस्तार तथा माटो परीक्षण शिविर संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । त्यस्तै कृषि हाटबजार संचालन तथा बजारीकरण अन्तर्गत **कृषि सामाग्री सहयोग कार्यक्रम**का लागि समेत बजेट विनियोजन गरेको छु ।

२९. आर्थिक क्षेत्रको दरिलो संवाहकका रुपमा रहेको सहकारी क्षेत्रको सहकार्यमा नगरलाई **प्लाष्टिकमुक्त क्षेत्र** बनाउने परिकल्पनालाई साकार बनाउने उद्देश्य अनुरुप **लागत सहभागितामा जैविक झोला उत्पादनमा अनुदान कार्यक्रम** संचालनका लागि ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

३०. रोजगारीको सिर्जना सँगै उद्यमशीलता प्रवर्द्धन र स्वरोजगारका बाटाहरु खोल्न सहकारी क्षेत्र उत्तम विकल्प हुन सक्छ । त्यसैले **लघु उद्यम संचालन गर्ने सहकारीलाई अनुदान कार्यक्रम** संचालन गर्न ८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

३१. खेतीपातीको समयमा मलको चर्को अभाव सिर्जना भै मूल्य वृद्धि आकासिने अवस्था सिर्जना हुन नदिन सहकारी संस्थाहरुलाई रासायनिक मल आपूर्तिका लागि क्षेत्र निर्धारण गरी ढुवानीमा अनुदान दिई मूल्यमा नियन्त्रण कायम गर्न ५ लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।

३२. सहकारी क्षेत्रसँगको सहकार्यमा बाँसगढी नगरपालिकालाई मूल बीउँ उत्पादनमा आत्मनिर्भर नगरपालिका बनाईएको छ । अब आगामी आर्थिक वर्षमा पशुको दाना उत्पादन गर्दै बजारीकरण गर्ने सहकारीलाई प्रोत्साहित गर्न बजेटको व्यवस्था गरेको छु ।

३३. स्थानीय उत्पादनलाई बजारीकरण गर्न प्रदेश सरकारसँगको सहकार्यमा पालिकाको कोशेली घर, प्रदर्शनी कक्ष निर्माण गरी संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३४. सहकारी संस्थाहरुलाई मर्ज गरी संख्यात्मक भन्दा गुणात्मक सहकारी सेवालाई प्रोत्साहन गर्ने नीति अनुसार **एकिकरण गर्ने सहकारी संस्थाहरुलाई व्यवस्थापकीय अनुदान प्रदान गर्ने कार्यक्रम**का लागि बजेट व्यवस्था गरेको छु ।

३५. सहकारी संस्थामा कार्यरत कर्मचारीहरुलाई सेवा प्रवाहमा आवश्यक **कोपोमिस र लेखापालन तालिम** संचालन गर्न बजेट सुनिश्चित गरेको छु ।

३६. सहकारी संस्थाको सहकार्य तथा समन्वयमा नगरबासीलाई सुपथ मूल्यमा गुणस्तरीय अत्यावश्यकीय सामाग्रीहरु प्रदान गर्न **सुपथ मूल्य पसल** संचालनका ८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

३७. परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरणमा जोड दिँदै स्वरोजगारमूलक उद्यमशीलताको विकासका निम्ति उल्लेखित कार्यक्रमहरु संचालनका निम्ति कृषि तथा सहकारी विकासका क्षेत्रमा एकमुष्ट १ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

## पशु विकास :-

३८. आगामी आर्थिक वर्ष देखि तीन स्थानबाट दक्ष प्राविधिकमार्फत निशुल्क पशु स्वास्थ्य सेवा प्रवाह गरिने व्यवस्था मिलाएको छु । साविकका तीन गा.वि.स. मोतीपूर, बेलवा र डेउढाकलामा स्थापना गरिने **नयाँ पशु सेवा केन्द्र**मा बजेटको प्रबन्ध मिलाएको छु ।

३९. **"बाँसगढी नगर, मासुजन्य पदार्थमा आत्मनिर्भर"** भन्ने नारालाई व्यवहारिक रुपमै सफल बनाएको **खसि बोका बिक्री बापत प्रति के.जि. रु.२०/- प्रोत्साहन अनुदान कार्यक्रम**लाई थप व्यवस्थित गरि संचालन गर्न ८ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

४०. पशुपंक्षीपालकलाई पशुपंक्षी बीमामा सहभागी गराई लाभ हासिल गराउन **"पशु बीमा : स्थानीय सरकारको जिम्मा"** भन्ने नाराका साथ **पशुपंक्षी बीमा कार्यक्रम**का लागि १७ लाख रुपैया बजेट विनियोजन गरेको छु ।

४१. गाई/भैसी सुत्केरी भए पश्चात **सुत्केरी प्रोत्साहन सुविधा** प्रदान गर्ने कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न ६ लाख रुपैयाँ बजेटको व्यवस्था मिलाएको छु ।

४२. पशुपंक्षी औषधि तथा खोप खरिद सँगै खोप केन्द्र संचालनका लागि १० लाख रुपैयाँ बजेट छुट्याएको छु । समग्र पशु सेवाको क्षेत्रमा ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

## शिक्षा, युवा तथा खेलकुद विकास :-

४३. स्थानीय तहमा माध्यमिक शिक्षासम्मको एकल अधिकार रहने संवैधानिक व्यवस्था भएकाले हाम्रा सामुदायिक विद्यालय पूर्वाधार र प्रविधि मैत्री बनाउने पहिलो जिम्मेवारी स्थानीय सरकारकै हुन्छ । त्यसैले, नगरका सामुदायिक विद्यालयलाई पूर्वाधार र प्रविधिमैत्री बनाउने हाम्रो विगत ४ वर्षदेखिको अभियानले आज सामुदायिक विद्यालय संस्थागत विद्यालयभन्दा कम देखिएका छैनन् । यस अभियानलाई निरन्तरता दिन ४८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

४४. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा शिक्षकको कमी हुन नदिन नगर अनुदानमा खटाईएका शिक्षक तथा कर्मचारीहरुलाई निरन्तरता दिन १ करोड ६ लाख रुपैयाँ ७४ हजार रुपैयाँ बजेटको व्यवस्था मिलाएको छु भने दरवन्दीको न्यायिक तथा वैज्ञानिक वितरण गर्ने व्यवस्था मिलाएको छु ।

४५. न्यून आयस्रोत हुने विद्यालयलाई विद्युत महसुल र ईन्टरनेट खर्च प्रदान गर्ने व्यवस्था मिलाएको छु भने **शैक्षिक सामाग्रीयुक्त रंगिन विद्यालय र वातावरण मैत्री बगैचा निर्माण** गर्ने नयाँ अभियानको सुरुवात गरी विद्यार्थीमा **"आहा मेरो विद्यालय"** भन्ने भावना जागृत गराउन ४ लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।

४६. कोभिड १९ का कारण औपचारिक रुपमा भौतिक रुपमा उपस्थित भएर अध्ययन अध्यापन गर्न असहज अवस्थाको सिर्जना भएको छ । यस्तै असहज परिस्थितिमा पनि

बैकल्पिक प्रणाली अवलम्बन गरी शिक्षा क्षेत्रलाई क्रियाशील बनाउनुपर्छ भन्ने मान्यताका साथ **बैकल्पिक शिक्षा प्रणाली व्यवस्थापन**का लागि बजेट छुट्याएको छु ।

४७. विपन्न, दलित जेहेन्दार विद्यार्थीलाई **नगरप्रमुख छात्रवृत्ति तथा शैक्षिक सामाग्री वितरण कार्यक्रम**का माध्यमबाट छात्रवृत्ति र शैक्षिक सामाग्रीहरु उपलब्ध गराइने व्यवस्था मिलाएको छु भने कोही पनि बालबालिका विद्यालय जानबाट बञ्चित नरहोस् भन्ने हेतुले **"अभिभावकत्व ग्रहण अभियान"** संचालन गर्ने व्यवस्था मिलाएको छु ।

४८. विपन्न विद्यार्थीहरुलाई दिवा खाजा र पोशाक उपलब्ध गराई विद्यालय जान प्रेरीत गर्ने **विपन्न लक्षित खाजा कार्यक्रम** र **विपन्न विद्यार्थी पोशाक वितरण कार्यक्रम** संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४९. नगरका सामुदायिक विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गर्न **नमूना विद्यालय विकास कार्यक्रम** संचालन गर्न ५ लाख रुपैयाँ बजेट छुट्याएको छु ।

५०. खेलाडीहरुको मनोबल उच्च राख्न, उत्प्रेरित बनाईराख्न र खेललाई निरन्तरता दिन बाँसगढी नगरपालिकाले विशेष ध्यान दिने परिपाटिको निरन्तरता दिएको छु । विभिन्न प्रतियोगितामा सहभागी हुन लाग्ने सम्पूर्ण व्यवस्थापकीय खर्चका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५१. **एक टोल एक युवा क्लब** गठन गरी प्रत्येक टोलमा खेलकुदका गतिविधिहरु संचालन गर्न सामाग्री सहयोग तथा युवा क्लबलाई सामाजिक विकासका कार्यमा सहभागी हुन प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५२. मेयरकप रनिङसिल्ड प्रतियोगिता संचालन र नगरस्तरीय वडागत खेलकुद प्रतियोगिता संचालनलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु ।

५३. यसरी शिक्षा, युवा तथा खेलकुद विकासको क्षेत्रमा ३ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाजकल्याण:-**

५४. **"हामी सबैको रहर सबै प्रकारका विभेदमुक्त बाँसगढी नगर"** भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्न लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्ण रुपमा उन्मुलन गर्ने

र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु संचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

५५. लैङ्गिक असमानता र बालविवाह जस्ता कुसंस्कारको अन्त्य गरी महिला जातिको उत्थान, सशक्तिकरण तथा समग्र विकास गर्न "**हाम्रा छोरी हाम्रो जिम्मेवारी**" भन्ने भनाईलाई आत्मसात गर्दै विपन्न परिवारका लागि "**एक छोरी एक बैंक खाता**" अभियान संचालन गर्न ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

५६. अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहयोगी उपकरणहरु उपलब्ध गराइने व्यवस्था मिलाएको छु । अपाङ्गता परिचय पत्रलाई स्मार्ट कार्डका रुपमा बनाईनेछ ।अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्द्धन र सशक्तिकरणका लागि स्वरोजगारमूलक सीप तालिम संचालन गर्न बजेट छुट्टाएको छु ।

५७. "**हेप्न सक्दैनौ केही गरी, सक्षम छन् हाम्रा किशोरी**" भन्ने भावनालाई व्यवहारमा देखाउन किशोरी लक्षित "**महिला तथा किशोरीसँग उपमेयर कार्यक्रम**" र "**किशोरी विशेष कार्यक्रम**" संचालन गरी महिला तथा किशोरीलाई आत्मरक्षात्मक तालिमदेखि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम लगायतका जीवनोपयोगी सीपको विकास गर्न आवश्यक बजेटको विनियोजन गरेको छु ।

५८. **ज्येष्ठ नागरिकका सवाल हाम्रो दायित्व** भएकाले ज्येष्ठ नागरिकका अधिकारका सन्दर्भमा ज्येष्ठ नागरिक, जनप्रतिनिधि, सामाजिक अभियन्ता तथा अगुवाहरुसँगको अन्तर्क्रियात्मक कार्यक्रमका साथै **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**का लागि बजेट विनियोजन गरेको छु । ज्येष्ठ नागरिक परिचय पत्रलाई डिजिटलाईज गर्ने प्रकृयाको सुरुवातका निम्ति समेत व्यवस्था मिलाएको छु ।

५९. बाँसगढी नगरपालिका बर्दिया जिल्लामा बालमैत्री वडा घोषणा गर्ने पहिलो पालिका हो र "**बालमैत्री शासन सुशासनको पहिचान**" भन्ने नारालाई आत्मसात गर्दै बालमैत्री नगरका रुपमा थप पहिचान दिलाउने यस अभियानलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

६०. बालबालिकालाई स्थानीय बालक्लब गठन गरी मासिक अन्तरक्रियात्मक बैठक बसाल्ने र अतिरिक्त क्रियाकलापहरुमा सहभागिता गराउने अभियानको सुरुवात बाँसगढी नगरपालिकाले गरिसकेको छ र यो अभियानको निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

६१. महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतको शीर्षकमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**वन, वातावरण, खानेपानी, सरसफाई, फोहोरमैला व्यवस्थापन तथा भूमि व्यवस्थापन:-**

६२. वन पैदावारको समुचित प्रयोग गर्दै समृद्ध नगरका रुपमा बाँसगढी नगरपालिकाको पहिचान बढाउन तथा नगर भित्रका सामुदायिक तथा निजी वनहरुलाई व्यवस्थित गर्न स्थानीय कानून बनाई लागू गर्न र सोका लागि आवश्यक वित्तिय प्रबन्ध मिलाएको छु । वन जङ्गलमा आश्रित परिवारलाई वित्तीय प्रोत्साहनका साथै वन तथा वातावरण संरक्षणका अभियन्ताका रुपमा परिचय दिलाउने र आय आर्जनका कार्यक्रम संचालनका लागि वन तथा वातावरण तर्फ १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**आदरणीय अध्यक्षज्यू,**

६३. बर्षौंदेखिको चाहना र हाम्रो प्रतिबद्धतालाई मूर्तरुप दिदैं भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी करिब ७५५० परिवारलाई नेपाल सरकारको समन्वयमा **जग्गा धनी पूर्जा वितरण** गर्ने व्यवस्था मिलाएको छु ।

६४. भूमिसुधार तथा मालपोत कार्यालयमा रहेको बाँसगढी नगरपालिकाको जग्गा अभिलेखलाई यसै आर्थिक वर्षमा व्यवस्थित गरिएको र आगामी आर्थिक वर्षमा **भू सेवा केन्द्रको संचालन** गरी जग्गा किनबेच र रोक्का फुकुवामा विचौलियाको भर पर्नुपर्ने तथा लामो लाइन बस्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्न २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

६५. कुहिने फोहोरलाई अर्गानिक मलका रुपमा विकास गरी प्रयोग गर्ने र नकुहिने फोहोरको व्यवस्थापन गर्दै **फोहोरबाट मोहर** निकाल्ने दिर्घकालीन योजनाका रुपमा अगाडी बढाउन फोहोरमैला व्यवस्थापन तथा सरसफाई तर्फ आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६६. नगरबासीले पिउने धाराको पानीमा हुने आर्सेनिकको मात्रा परीक्षणका लागि आवश्यक प्राविधिक व्यवस्थापन गर्दै खानेपानी उपभोक्ता समूहहरुको दर्ता, व्यवस्थापन तथा प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**राजश्व प्रशासन, उद्योग, पर्यटन, उद्यम विकास र रोजगारी सिर्जना :-**

६७. **लघु उद्यम विकास कार्यक्रम** अन्तर्गत ९० जना नयाँ लघु उद्यमी सिर्जना गर्ने, उनीहरुलाई सिप विकास तालिम प्रदान गर्ने साथै प्रविधि हस्तान्तरण मार्फत उद्यममा निरन्तरताको वातावरण सिर्जनाका लागि सशर्त अनुदान मार्फत प्राप्त हुने बजेट परिचालन गर्ने व्यवस्था मिलाएको छु । यस आर्थिक वर्षमा सिर्जना भएका ९० जना लघु उद्यमीहरुलाई व्यवसाय विस्तारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६८. **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत प्राप्त हुने सशर्त अनुदानको परिचालनबाट आगामी आर्थिक वर्षमा रोजगार सेवा केन्द्रमा सुचीकृत ६१२ बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताक्रमका आधारमा कम्तिमा १०० दिन रोजगारी प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

**आदरणीय अध्यक्षज्यू,**

६९. उद्योग व्यवसाय दर्तालाई सरलीकरण गरी कर प्रणालीलाई पारदर्शी र सहज बनाउने साथै कर सचेतनाका कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु । अव्यवस्थित विज्ञापन गर्ने प्रणालीमा सुधार गरी विज्ञापन करलाई थप व्यवस्थित गर्न बजेटको विनियोजन गरेको छ ।

७०. बाँसगढी नगरपालिकामा रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको पहिचान गरी नगर प्रोफाईलमा राखी क्रमश: भौतिक पूर्वाधारहरुको निर्माण सँगै पहुँचमा सहजता हुने गरी **पर्यटकीय पुर्वाधार विकास तथा मर्मत** गर्ने नगरपालिकाको विगत देखिको कार्यक्रमको निरन्तरताका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा, न्यायिक समिति, सार्वजनिक प्रशासन, सूचना प्रविधि विकास, उपभोक्ता अधिकार र विपद व्यवस्थापन :-**

७१. सामाजिक सुरक्षा भत्तालाई पारदर्शी र सहज ढङ्गबाट उपलब्ध गराउन स्थानीय बैंङ्कहरुसँग समन्वय गर्दै थप व्यवस्थित गर्ने प्रणालीको व्यवस्था मिलाएको छु । अशक्त

ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

७२. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको सदुपयोग गर्दै सहज, पारदर्शी र प्रविधिमैत्री बनाउन सूचना प्रविधि क्षेत्रमा बजेट विनियोजन गरेको छु ।

७३. न्यायिक समितिको सबलीकरण गरी स्थानीय तहबाटै मेलमिलापको माध्यमबाट निराकरण गर्न सकिने मुद्दामामिलाहरुको छिटो छरितो फछ्र्यौट गर्ने प्रणालीको विकास र मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमका लागि बजेट सुनिश्चित गरेको छु ।

७४. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका माध्यमबाट बाँसगढी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुका सन्दर्भमा पृष्ठपोषण तथा आम सेवाग्राहीको प्रतिक्रिया र गुनासोहरुको बारेमा हामीलाई प्रविधिका माध्यमबाट जानकारी दिई सुशासन तथा पारदर्शिता कायम गर्न बाँसगढी नगरपालिकाको एकमात्र एफ. एम. **गुर्वावा एफ. एम. को सेवा विस्तार तथा सुदृढीकरण**का लागि ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

७५. बाँसगढी नगरपालिकाबाट विगत चार वर्षमा गरेका काम कारवाहीबाट प्राप्त भएको भौतिक तथा सामाजिक उपलब्धिहरुलाई आम नगरबासीहरु समक्ष जानकारी गराउन **डकुमेन्ट्री सहितको बुलेटिन प्रकाशन**का लागि १० लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।

७६. नगरपालिकाको प्रशासकीय भवनको निर्माण अन्तिम चरणमा पुगेको छ । आगामी आर्थिक वर्षमा सम्पूर्ण विषयगत शाखाहरुलाई एकै ठाउँमा राखी **एकल विन्दु सेवा केन्द्रको मोडालिटी**लाई अवलम्बन गर्दै सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छु ।

७७. सार्वजनिक सेवा प्रवाहमा खटिने सेवा प्रदायकहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न, उत्कृष्ठ सेवा प्रवाह गर्ने सेवा प्रदायकलाई सम्मान सहित प्रोत्साहित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७८. राष्ट्रसेवक कर्मचारीको मनोवल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाईनेछ । सरकारी कर्मचारीको १० लाख रुपैयाको सामूहिक दुर्घटना बीमा र १ लाखको स्वास्थ्य बीमा प्रिमियम वापतको रकमको व्यवस्था मिलाएको छु ।

७९. संघीय सरकार र प्रदेश सरकारले राष्ट्रसेवक कर्मचारीहरुका निम्ति व्यवस्था गरेको सेवा सुविधामा कमी हुन नदिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८०. थारु जातिको सांस्कृतिक विरासतका रुपमा रहेको बढघर प्रणाली हाम्रो सामाजिक परिवर्तनमा झन् प्रभावकारी र महत्वपूर्ण रहने हुँदा स्थानीय कानून बनाई थप व्यवस्थित गर्न **बढघर प्रणाली सुदृढीकरण** शीर्षकमा ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

८१. उपभोक्ता अधिकार सम्बन्धी कानूनको अधीनमा रही उपभोक्ताको हक अधिकार सुनिश्चित गर्न समय समयमा प्रभावकारी बजार अनुगमन गरी मूल्यवृद्धिको नियन्त्रण सँगै गुणस्तरीयता कायम गर्ने कामका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

८२. विपद्को पूर्वतयारी नै क्षति न्यूनीकरणको उपाय हो । नगर भित्र आईपर्नसक्ने आपत्विपत्को अवस्थामा स्रोतको परिचालन गरी जोखिम न्यूनीकरण तथा राहत कार्यक्रम गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकामा रहेको दमकल व्यवस्थापन तथा राहत कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

## भौतिक पूर्वाधार विकास:-

८३. बाँसगढी नगरपालिकामा समानुपातिक र समन्यायिक विकासको वितरणका माध्यमबाट समुन्नत नगरका रुपमा पहिचान दिलाउन भौतिक पूर्वाधारको विकासलाई जोड दिदैं **नगर चक्रपथ र एक वडा एक कालोपत्रे**को अभियानलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

८४. **एस. ओ. एस. चौक – बाह्र विघा सडक निर्माण, एस. ओ. एस. चौक – लक्ष्मणपूर सडक कालोपत्रे, मिलन चोक मगरपूर बठुवा सडक** निर्माणका लागि प्रति सडक २० लाख रुपैयाँ गरी ६० लाख रुपैयाँ बजेट छुट्याएको छु ।

८५. बाँसगढी नगरपालिकाको सानका रुपमा रहेको नगर चक्रपथको निर्माणको निरन्तरताका लागि **उत्तर भकारी चमकपूर रिङ्ग रोड सडकखण्ड निर्माण**का लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

८६. वडा नं ९ स्थित **माछ्यागढ थुमनी सडक कालोपत्रे**का लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

८७. संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा २५ शैयाको नगर अस्पताल निर्माण कार्य भैरहेको र आगामी आर्थिक वर्षमा नगर अस्पतालको ९० प्रतिशत कार्य सम्पन्न हुनेगरी तीव्रता दिन आवश्यक व्यवस्था मिलाएको छु ।

८८. नगर विकास कोषको समन्वयमा नगरस्तरीय अत्याधुनिक व्यवसायिक भवन निर्माण गरी नगरको आधुनिकताको प्रतिकका रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**आदरणीय अध्यक्षज्यू,**

८९. बजारीकरण सँगै ढल निकासको समस्यालाई समेत क्रमश : निराकरण गर्दै लग्ने नीति बमोजिम **ढल निकास** तर्फ एकमुष्ट २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

९०. आमा प्रतिक्षालय रेशमपूर हुँदै लक्ष्मणा पुग्ने सडक निर्माणका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छु ।

९१. आवश्यकता अनुसार नगरका ग्रामीण सडकहरुको स्तरोन्नतिका लागि **ह्युम पाईप** राख्ने कार्यलाई निरन्तरता दिईनेछ र सोको खरिदका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

९२. बाँसगढी नगरपालिका भित्रका दुई बहुमुखी क्याम्पसहरु बाँसगढी बहुमुखी क्याम्पस र बर्दिया बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा विगतदेखि नै नगरपालिकाको सहयोग रहि आएको छ । यस बर्ष पनि सोही सहयोगलाई निरन्तरता दिन अनुदान स्वरुप १० लाख रुपैयाँ बजेट छुट्याएको छु ।

९३. यस नगरपालिका भित्रका वडाहरुको आफ्नो आवश्यकताका आधारमा वस्तीस्तरका आयोजनाहरु छनौट गरी भौतिक पूर्वाधारहरु निर्माण गर्न एकमुष्ट ५ करोड ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

९४. भौतिक पूर्वाधारहरुको निर्माणसँगै वडागत रुपमा निरन्तर अनुगमन र नगरस्तरीय अनुगमनलाई निरन्तरता दिई गुणस्तरीय पूर्वाधार विकासको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

९५. नगरका हरेक क्षेत्रमा विद्युतको पहुँच विस्तार गर्न २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

९६. प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारीमा संचालन हुनेगरी प्राप्त आयोजनाहरुमा बाँसगढी नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने खर्च **म्याचिङ फण्ड** (समपूरक कोष) का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटको कार्यान्वयनबाट कोरोनाको जोखिम न्यूनीकरण सँगै आर्थिक क्रियाकलावहरुमा गतिशिलता आउने र शिथिल अर्थतन्त्रको पुनरुत्थान, समावेशी विकास, रोजगारीका अवसरहरुको सिर्जना हुदैं समृद्ध तथा समुन्नत नगरको स्थापना हुन योगदान पुग्ने अपेक्षा गरेको छु ।

१८. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख र सम्पूर्ण नगर सभासदहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, सहकारी क्षेत्र, निजी क्षेत्र, आम नागरिक तथा संचार क्षेत्रलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा गरेको छु ।

१९. अन्त्यमा, कोभिड महामारीको जोखिमबाट सुरक्षित रहदै नगर विकासको अभियानमा सहभागी हुन सम्पूर्ण नगरबासीहरुलाई हार्दिक आह्वान गर्दछु ।

धन्यवाद ।

<u>प्रस्तुत गर्ने</u>

शुष्मा चौधरी

उप-प्रमुख, बाँसगढी नगरपालिका, बर्दिया ।

मिति २०७८ असार १० गते ।

**बाँसगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय**
**बाँसगढी, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**
**Www.bansgadhimun.gov.np**